
के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ ८ गते मंगलबार ❑ 21 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## गण्डकी प्रदेश सरकारले ३१० दिनमा ३८.९५ प्रतिशत बजेट खर्च

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ

कोभिड पछि आर्थिक मन्दिले देशको अर्थतन्त्र सुस्ताको अबस्थामा सरकारी बजेट समेत कम खर्च हुँदा यसले आर्थिक चलायमान कम हुने गरेको अर्थ विज्ञहरुले बताउदै आउनु भएको छ।

देशमा संघिय सरकारको नयाँ मोडल आएसंगै प्रदेशमा आर्थिक विकास र समृद्धि गर्न थप मद्धत पुग्ने र नजिकको सरकारसंग जनताले धैरै राहत पाउने आशा गरे पनि हालसम्म प्रदेश सरकारले समयमै बजेट खर्च गर्न नसक्दा यसबाट जनताले धैरै राहात पाउन नसकेको बताइन्छ।

गण्डकी प्रदेश सरकारको कुरा गर्दा ३ सय ६५ दिनमा ३२ अर्ब ७० करोड ७३ लाख रुपैयाँको बजेट खर्च गर्ने आर्थिक दाहित्व रहेमा अब बाँकी रहेको ५५ दिनमा यस चालु आर्थिक बर्षमा ६१.५ प्रतिशत खर्च गर्नुपर्ने अबस्था आएको छ । प्रदेश सरकारले ३ सय १० दिनमा मुस्किलले ३८.९५ प्रतिशत मात्र बजेट खर्च गरेकोमा अब बाँकी रहेको ५५ दिनमा मुस्किलले २० देखि २५ प्रतिशत पनि बजेट खर्च नहुने हो की भन्ने प्रदेशबासीको आशंका रहेको छ।

पटक पटक सरकार परिवर्तन हुने समस्याले बजेट कार्यान्वयनमा समस्या उत्पन्न भएको कर्मचारीहरुले गुनासो गर्दै आउनु भएको छ । गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री हरिबहादुर चुमानले यस चालु आर्थिक बर्षमा ६५ देखि ७० प्रतिशत बजेट खर्च गर्ने गरी मन्त्रालयहरुलाई निर्देशन दिदै आउनु भएको छ। प्रदेश सरकारले १० महिना सहित यही जेठको एक साता (सोमबार) सम्म ३८.९५ प्रतिशत बजेट खर्च गरेको गण्डकीको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ। चालु आर्थिक बर्ष २०८०/०८१ को यही जेठ पहिलो सातासम्म चालु तर्फ ४२.२२ प्रतिशत अर्थात ५ अर्ब ३६ करोड २२ लाख २ हजार ६ सय २४ रुपैया खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी सुदीप गौतमले बताउनु भयो । उहाँका अनुसार पुजिंगत तर्फ ३७.८१ प्रतिशत अर्थात ७ अर्ब ३७ करोड ६० लाख ६५ हजार ५ सय १७ रुपैया खर्च भएको छ । चालु आर्थिक बर्षको १० महिना सहित एक हप्तामा प्रदेशको चालु र पुजीगत तर्फ गरी १२ अर्ब ७३ करोड ८२ लाख ६८ हजार २ सय २२ रुपैयाँ बजेट खर्च भएको हो।

गण्डकी प्रदेश सरकारको चालु तर्फको बजेट १२ अर्ब ७० करोड १ लाख ३८ हजार रुपैयाँ बिनियोजन भएको थियो भने पूजिंगत तर्फ १९ अर्ब ५० करोड ७१ लाख ६२ हजार विनियोजन गरेको थियो । प्रदेश सरकारले चालु आर्थिक वर्षमा ३२ अर्ब ७० करोड ७३ लाख रुपैयाँको बजेट विनियोजन गरेको हो । प्रदेशमा रहेका ७ वटा मन्त्रालयहरु मध्य सबै भन्दा बढी कम कृषि तथा भूमि व्यबस्था मन्त्रालय र सबै भन्दा धैरै उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालयले खर्च गर्न सफल भएका छन् । कृषि तथा भूमी ब्वयवस्था मन्त्रालयको चालु आर्थिक बर्षको जेठ पहिलो सातासम्म ३२ दशमलव ८८ प्रतिशत मात्रै बजेट अर्थात ७३ करोड ८१ लाख ६ हजार रुपैयाँ खर्च गर्न सफल भएको छ।

सबै भन्दा धैरै बजेट खर्च भने उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालयले गरेको छ। सोमबारसम्म उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालयले ४८.६९ प्रतिशत अर्थात २ अर्ब ४४ करोड २१ लाख १६ हजार खर्च गर्न सफल भएको छ। उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालयको चालु बर्षको लागि ५ अर्ब ७१ करोड ३० लाख बजेट विनियोजन भएको हो।

७ मन्त्रालय मध्य बढी बजेट भएको भौतिक पूर्वाधार बिकास तथा यातायात व्यवस्था मन्त्रालयले चालु आर्थिक बर्षको १० महिना सहित एक सातामा ३८ दशमलव ९५ अर्थात् ४ अर्ब ६२ करोड ३९ लाख रुपैयाँ खर्च गरेको छ।

## पोखरा विश्वविद्यालय शिक्षण अस्पतालको उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ




पोखरा महानगरपालिका-३० लेखनाथस्थित खुदीमा स्थापना गरिएको पोखरा विश्वविद्यालय शिक्षण अस्पतालको उद्घाटन गरिएको छ।

पोखरा विश्वविद्यालयले आफ्नो मातहतमा सञ्चालनमा ल्याएको एक सय शय्याको शिक्षण अस्पतालको आज गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले उद्घाटन गर्नुभएको हो। विश्वविद्यालयले गत भदौमा आंशिक रूपमा अस्पताल सञ्चालन गरे पनि भवन निर्माण सकिएपछि आजदेखि पूर्णरूपमा सञ्चालनमा ल्याएको हो।

अस्पताल उद्घाटनपछि मुख्यमन्त्री अधिकारीले स्वास्थ्य बीमालाई पहिलो प्राथमिकतामा राखेर अस्पतालले सेवा दिनुपर्ने बताउनुभयो । शिक्षण अस्पतालको महत्व र सेवालाई बुझेर सबै अगाडि बढ्न उहाँको आग्रह थियो। स्वास्थ्यका कारण जनता शारीरिक एवं मानिसक रूपमा विचलन नहुने गरी गुणस्तरीय सेवा प्रदान गर्नुपर्नेमा मुख्यमन्त्री अधिकारीको जोड थियो । विश्वविद्यालयका रजिष्ट्रार एवं शिक्षण अस्पतालका सञ्चालक समितिका अध्यक्ष प्राडा दीपकबहादुर भण्डारीले विश्वविद्यालयको चिकित्सा शिक्षा कार्यक्रमहरूलाई प्रयोगात्मक अभ्यासका लागि अस्पताल आवश्यक पर्ने भएकाले अस्पताल सञ्चालनमा ल्याइएको बताउनुभयो। विभिन्न सङ्घसंस्थाको सहयोगमा रु पाँच करोडका स्वास्थ्य उपकरण सङ्कलन भएपछि आज अस्पतालको उद्घाटन गरिएको हो । अस्पताल भवन रु सात करोड बराबरको लागतमा निर्माण गरिएको विश्वविद्यालयको स्वास्थ्य विज्ञान सङ्कायका डिन डा अमर नागिलाले जानकारी दिनुभयो।

## कानुनभन्दा माथि कोही छैन भन्ने भाष्य स्थापित भएको छ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, ७ जेठ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजनीतिक नेतृत्व कानुनभन्दा माथि हुन नसक्ने बताउनुभएको छ। प्रतिनिधिसभाको आजको बैठकमा विश्वासको मतसम्बन्धी प्रस्ताव प्रस्तुत गर्दै उहाँले सुशासनका क्षेत्रमा जनतामा आशा जागेको र कानुनको शासन स्थापित हुँदै गएको बताउनुभयो।

"अहिले सुशासनका क्षेत्रमा आशा जागेको छ । पछिल्ला दिनमा लोकतन्त्र कताकता नेतातन्त्रजस्तो देखिँदै गएको थियो । राजनीतिक नेतृत्व कानुनभन्दा माथि भएको डरलाग्दो वैचारिकी बनिरहेको थियो। त्यसले समग्र व्यवस्थामाथि नै अविश्वास र घृणा बढाइरहेको थियो", प्रधानन्त्री दाहालले भन्नुभयो, "तर नक्कली भूटानी शरणार्थी, ललिता निवास, बाँसबारी, बालमन्दिर, सुनकाण्डलगायतका प्रकरणमा सरकारको निर्भिक र निष्पक्ष कारबाहीले जनतामा लोकतन्त्रप्रति ठूलो भरोसा जागेको छ।"

सरकारले सबैजसो मोर्चामा सार्थक उपलब्धि र गौरव हासिल गर्दागर्दै पनि जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले फेरि देशमा देखिएको चुनौतीलाई सम्बोधन गर्न सबै एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "सुरूदेखिको निरन्तर सहयात्राका लागि जसपा नेपालप्रति आभारी छु । सरकारलाई समर्थन वा विरोध गर्ने उसको राजनीतिक अधिकारको पनि सम्मान गर्छु तर राष्ट्रका चुनौतीहरूको सामना गर्न फेरि पनि मिलेर अगाडि बढ्न आग्रह गर्छु।" नीति तथा कार्यक्रम पेस भइसकेको र

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## गृहमन्त्रीले लगाएका आरोप कपोलकल्पित : कांग्रेस

**रासस**
काठमाडौं ७ जेठ

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सहकारीको रकम अपचलनमा उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको संलग्नता देखिएको आरोप लगाउँदै निष्पक्ष र स्वतन्त्र छानबिनका लागि संसदीय समिति गठनको माग पुनःदोहोऱ्याएको छ।

कांग्रेस सदंसदीय दलको आज संसद् भवन नयाँ बानेश्वरमा बसेको बैठकले सहकारीको रकम अपचलनमा गृहमन्त्री लामिछाने संलग्न रहेको स्पष्ट प्रमाण देखिएको जनाउँदै निष्पक्ष छानबिनका लागि संसदीय समिति गठन गर्न पुनःमाग गरेको हो। बैठकपछि सञ्चारकर्मीसंग कुराकानी गर्दै कांग्रेस प्रमुख सचेतक रमेश लेखकले सहकारीमा गृहमन्त्री लामिछानेको संलग्नताको विषय सञ्चारमाध्यममा आएको विषय मात्र नभइ प्रहरीले छानबिन गरेको र जिल्ला अदालतमा दायर गरेको अभियोगको विषय भएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सहकारीको रकम अपचलनमा छानबिन गर्न र संलग्नलाई कडा कारबाही गर्न स्वतन्त्र निष्पक्ष समिति गठन गर्नुपर्ने भन्ने हाम्रो बटम लाइन हो। प्रतिनिधिसभाको आइतबारको बैठकमा गृहमन्त्री लामिछानेले लगाएका आरोप असत्य, भ्रामक र कपोलकल्पित हुन्।"

प्रमुख सचेतक लेखकले गृहमन्त्री लामिछानेले सदनमा अर्कालाई प्रश्न गर्ने होइन, आफूमाथि उठेका प्रश्नको जवाफ दिने हो भन्नुभयो । गृहमन्त्री लामिछानेको गैरजिम्मेवार भनाइ र प्रस्तुतिका सन्दर्भमा कांग्रेसले प्रधानमन्त्रीकोसमेत ध्यानाकर्षण गराउने निर्णय गरेको छ। बैठकले गृहमन्त्री लामिछानेले लगाउनुभएका आरोपलाई निष्पक्ष र स्वतन्त्र छानबिन गरी प्रमाणित गर्न खुला रहेकोसमेत निर्णय गरेको प्रमुख सचेतक लेखकले बताउनुभयो।

## बाँदरको हैरानी झेल्न नसकेर खास्टेतालपारीका किसान कागतीखेतीमा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ

कास्कीमा ग्रामीण क्षेत्रका किसान धानखेती छोडेर कागतीखेती गर्न थालेका छन् । जनशक्ति, मलखाद्, कृषि पूर्वाधारको अभावका बीच जेनतेन खेती गरे पनि बाँदरबाट जोगाउन नसकिएपछि स्थानीय किसान धानको विकल्पमा कागतीखेती गर्न थालेका हुन्।

केही वर्षअघिसम्म बाँदर धपाएर बाली जोगाइए पनि पछिल्लो समय उल्टै आक्रमण गर्न थालेपछि पोखरा महानगरपालिकाका वडा नं १८, १९, २१, २२, २६, ३१, ३३ लगायतका स्थानका किसान धानखेती छोड्न बाध्य भएका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो।

पोखरा महानगरपालिकाको वडा नं ३३ को बरमाझथर, बाँसपानी, चाउका, आँगेटारी, बूढीखोरिया, हुँडिकोटदेखि सुरौदी फाँटसम्म बाँदरले दुःख दिएकै कारण खेती गर्नेक्रम बर्सेनि कम हुँदै गएको अगुवा कृषक रमेश आचार्य बताउनुहुन्छ। "फाँट तिर जेनतेन धानखेती भइरहेपनि पाखा तथा टारीतिर अधिकांश स्थानमा बाँदरकै कारण खेतबारी बाँझो छन्", उहाँले भन्नुभयो, "राज्यले बाँदरको व्यवस्थापनसँगै त्यसबाट पीडित किसानको समस्यालाई समाधान गर्नेतर्फ ध्यान दिन नदिँदा बाध्य भएर अन्य खेतीतर्फ लाग्नु परेको छ ।" वन्यजन्तु संरक्षण ऐनले बाँदरलाई मार्न नपाइने जनावरका रुपमा सूचीकृत गरेको छ। आँफूहरूले बाँदरको व्यवस्थापन एवम् क्षतिपूर्तिको माग गर्दै आए पनि त्यस सम्बन्धमा स्पष्ट नीति तयार नहुँदा राहत तथा क्षतिपूर्तिसमेत पाउन नसकेको उहाँले गुनासो गर्नुभयो। बाँदरकै कारण धानखेती जोगाउन मुस्किल हुँदै गएपछि पोखरा महानगरपालिका-२६ खास्टेताल पारी भुसालटारीका स्थानीय सामूहिकरुपमा कागतीखेतीतर्फ लागेको भुसालटारी कृषक समूहका कोषाध्यक्ष विश्वराज अधिकारीले जानकारी दिनुभयो। "खास्टेतालपारीकोभुसालटारीविगतमा राम्रो धानखेती हुने ठाउँ हो । पछिल्ला वर्षमा बाँदर आतंकका कारण खेती जोगाउन मुस्किल छ। त्यसैले विकल्पका रूपमा हामीले सामूहिकरुपमा कागतीखेती गर्न थालेका छौँ ।" कागतीखेतीलाई बाँदरले पनि खासै क्षति नगराउने भएकाले विकल्पका रुपमा यहाँको एक सय ७० रोपनी क्षेत्रफलमा कागतीखेती सुरु गरेका छन्। त्यहाँ तीन वर्षयता तीन हजार कागतीका बिरुवा रोपिएका छन्, तिमध्ये दुई हजार सात सय बिरुवा राम्रैसँग हुर्किरहेका छन् । सो खेतीका लागि हालसम्म रु ५० लाखभन्दा बढी लगानी भइसकेको छ । "हामीले सुरूका वर्षमा लगाएका एक हजार कागतीका बिरुवा २२ महिना पुगिसकेका छन्, दोस्रो वर्ष दुई हजार सङ्ख्यामा कागतीका बिरुवा लगाएका हौँ", अधिकारीले भन्नुभयो, "यस वर्ष थप एक हजार पाँच सयदेखि दुई हजारसम्म बिरुवा थप्ने समूहको तयारी छ ।" सो समूहका सञ्चालक समिति सदस्य नवराज अधिकारीले लेखनाथमा रहेका सात तालमध्येको एक खास्टेतालमा पर्यटकीय गतिविधि बढाउने गरी कागतीको बगैँचालाई व्यवस्थित र आकर्षित गर्ने समूहको दीर्घकालीन सोच रहेको बताउनुभयो । पोखरा पर्यटन राजधानी घोषणा भइसकेकाले बगैँचा व्यवस्थापन हुनसके खास्टेतालमा आउने पर्यटकको बसाई थप केही समय लम्ब्याउन सकिने सो उहाँको बुझाइ छ । महानगर कृषि महाशाखा प्रमुख कडरिया पनि बाँझा जग्गामा कागतीखेती गर्नसकेमा त्यसले कृषकको आम्दानी वृद्धिका साथै पर्यटन विकासमा समेत टेवा पुग्ने बताउनुहुन्छ । कागतीमा रोग सहने शक्ति बढी हुने भएकाले बाँझा जग्गामा कागतीखेती गर्न महानगरले पनि सहयोगको नीति बनाउने उहाँले बताउनुभयो । "कृषकलाई बाँझा जग्गामा कागतीखेतीमा लगाउन सके जमिनको उपयोगका साथै रोजगारी पनि सिर्जना गर्ने सकिन्छ। त्यसैले महानगर र सरोकार भएका निकाय मिलेर यस्ता योजना अगाडि बढाउन जरूरी छ", उहाँले भन्नुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अन्नपूर्ण म्याराथनको तयारी तिव्र

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ




'पर्यटनका लागि सबै मौसम' भन्ने मूल नाराका साथ वि.सं. २०७५ सालदेखि सुरू गरिएको अन्नपूर्ण म्याराथनको तयारी तिव्र पारिएको छ।

अन्नपूर्ण सेन्चूरी पर्यटन समितिको आयोजना तथा अन्नपूर्ण गाउँपालिका कास्कीको व्यवस्थापनमा हुने चौथो संस्करणको अन्नपूर्ण म्याराथन-२०८१ आगामी जेठ २१ गते सोमवार हुनेछ।

अन्नपूर्ण आधार शिविरको पूर्वाधार विकाससँगै पर्यटन प्रबर्द्धनका लागि सुरू गरिएको म्याराथनलाई निरन्तरता दिईएको अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका अध्यक्ष एवं अन्नपूर्ण म्याराथन मुल आयोजक समितिका संयोजक ललित गुरूङले बताए । विशेषतः सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली पर्वतारोही मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरी ८ हजार मिटरभन्दा अग्ला हिमाल आरोहणको इतिहासमा विश्व कीर्तिमानी राखेको सन्दर्भमा उक्त दिनलाई "अन्नपूर्ण आरोहण दिवस" का रूपमा मनाउने गरिन्छ । सोही दिनको सम्झनामा अन्नपूर्ण म्याराथन हुने भएकाले यसको छुट्टै ऐतिहासिक गरिमा रहेको संयोजक गुरुङको भनाई छ । समितिले अन्नपूर्ण प्रथम हिमाल आरोहण दिवसका दिनको अवसर पारेर प्रत्येक बर्ष अन्नपूर्ण आधार शिविरबाट घान्द्रुकसम्म (१४२.१९५ किमी)को अन्नपूर्ण म्याराथन गर्दै आईरहेको छ । २०७५ सालदेखि आरम्भ गरिएको म्याराथन बीचका दुई संस्करण कोभिड-१९ का कारण हुन नसकेको थिएन, गत बर्षदेखि यसलाई निरन्तरतादिईएकोअध्यक्षगुरूङले बताए।अन्नपूर्णआधारशिविरबाट आरम्भ हुने म्याराथन माछापुच्छे आधारशिविर, वगर, देउराली, हिमालय, दोभान, सिनुवा, भनुवा, छोम्रोङ, तउलु, घुर्जुङ, चुइँले, कोम्रोङडाँडा, किम्रोङखोला, उरी हुँदै घान्द्रुक आई समापन हुने गरी म्याराथन रुट कायम गरिएको समितिका महासचिव दिलीप गुरूङले बताए। अन्नपूर्ण म्याराथनमा पहिलो संस्करणको उपाधि त्रिभुवन आर्मीका हरि कुमार रिमालले जितेका थिए, दोस्रोमा डोटीका खगेन्द्रबहादुर भाटले, तेस्रो संस्करणको उपाधि जुम्लाका धीरबहादुर बुढा र महिला तर्फ गणना भण्डारीले जितेका थिए। महिला तथा पुरुष दुबैतर्फका लागि हुने म्याराथनमा पहिलो, दोश्रो र तेश्रोहुनेले क्रमश नगद १ लाख५० हजार, १ लाख र ७५ हजार साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ । विदेशीका लागि प्रोत्साहन पुरस्कार स्वरुप विशेष पुरस्काको ब्यवस्था गरिएको छ। पुरुषतर्फ दर्ता शुल्क ७ हजार र महिलातर्फ ५ हजार तोकिएको छ । म्याराथनलाई अन्तर्राष्ट्रिय इभेन्टका रुपमा विकास गर्न गतवर्षदेखि अल्टिमेट एडभन्चर नेपालले प्राविधिक सहयोग गरेको छ । कार्यक्रमका लागि अन्नपूर्ण गाउँपालिकाको व्यवस्थापन, अन्नपूर्ण समाज काठमाडौंको सहकार्यमा सम्पन्न हुन गईरहेको म्याराथनमा नेपाल पर्यटन बोर्ड, घान्द्रुक पर्यटन व्यवस्थापन समिति, छोम्रोङ पर्यटन व्यवस्थापन समिति, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)/राष्ट्रिय प्रकृति संरक्षण कोष, टाँडापानी पर्यटन व्यवस्थापन समिति, मुल्डे भ्यू-पार्क व्यवस्थापन समिति, खेलकूद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद, भूपू खेलाडी मञ्च, नेपाल एड्भेन्चर रनिङ महासंघ, सिआइडब्लुईसी क्लिनिकसहितका अन्य पर्यटनसँग सम्बन्धित संघसंस्थाले सहयोग गर्ने भएका छन् । महोत्सव सम्पन्न गर्न ४२ सदस्यीय रहेको मुल व्यवस्थापन समिति, १३ वटा विभिन्न उपसमितिसहित सल्लाहकार समिति गठन गरिएको समितिका महासचिव दीलिप गुरुङले बताए।

# हावाहुरीले स्याङ्जामा करोडौको क्षति

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ७ जेठ



जेठ ५ गते शनिवार साझ आएको हावाहुरीले स्याङ्जाका विभिन्न पालिकामा ठुलो क्षती पुऱ्याएको छ।

हावाहुरीका कारण भौतीक संरचना देखी कृषि उपजमा करोडौको क्षति पुगेको अनुमान जिल्ला प्रशासन कार्यालय स्याङ्जाले लगाएको छ। हावाहुरीबाट भएको क्षतिको विवरण संकलन र आउनेक्रम जारी रहेको सहयाक प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले जानकारी दिए । हावाहुरीले नागरिकका घरका छाना देखी कृषि उपजहरुमा ठुलो क्षती पुगेको विवरण आइरहेको र आउने क्रम जारी रहेकाले क्षतिको एकिन गर्न नसकिएको सप्रजिअ पौडेलले बताए । पश्चिम गल्याङ्का ८, ९ र १० वडामा हावा हुरीका कारण ४८ घरमा क्षति पुऱ्याएको गल्याङ नगरपालिकाले जनाएको छ । हावाहुरीले घरहरुको छानो, जस्तापाता समेत उडाएको छ भने १७ वटा गोठ र १ विद्यालयमा समेत क्षेती पुगेको गल्याङ नगरपालिकाले जनाएको छ । जसमध्ये ७ वटा घर पुर्ण रुपमा क्षति भएका छन् । आगालागी र लामो समय सम्म परेको खडेरीका कारण चरम समस्यामा परेका स्थानीयलाई बर्खा सुरु भएसंगै आएको हावा हुरीले थप समस्या सिर्जना गरेको छ। हावाहुरीले विद्युतका पोलहरु ढलाएका कारण चापाकोट, बेल्चौर, पाल्पाको रामपुर र हुगी लगायतका क्षेत्रमा बिद्युत सेवा समेत अवरुद्ध भएको छ । चापाकोट र पाल्पा रामपुर लगायतका क्षेत्रमा विद्युत सुचारु भएको भएपनि आँधीखोला गाउँपालिकाका केही वडाहरु र गल्याङ्का केही वडाहरुमा विद्युत सेवा सुचारु हुन अझ केही दिन लाग्न सक्ने अनुमान गरिएको छ। हावा हुरीले पोल ढलाउदा १५ लाख बरावरको क्षति भएको बुटवल पावर कम्पनी गल्याङ बितरण शाखाले जनाएको छ । अहिले सम्मकै ठुलो हुरीबतास आएको स्थानीयले बताएका छन्। हुरीबताले धन्न बाच्न सफल भएको उनीहरुको भनाई छ । जिल्लाका विभिन्न पालिकामा हावाहुरीले भौतिक संरचना सहित कृषि उपजमा समेत क्षती पुऱ्याएको खबरहरु प्राप्त भएसगै प्रहरीलाई क्षतीको विवरण संकलन गर्न निर्देशन दिएको सप्रजिअ पौडेलले बताए। कृषि उपजमा भएको क्षतीको विवरण संकलन गर्न जिल्ला कृषि ज्ञान केन्द्रलाई निर्देशन दिएको प्रशासनले जनाएको छ। कहाँ र कुन पालिकामा कति क्षती पुगेको छ भन्ने विवरण आउन केही दिन लाग्ने प्रशासनले जनाएको छ । मानविय क्षती हुनबाट बचेपनि भौतिक र कृषि उव्जनीमा भने हावा हुरीले करोर्डाको क्षति पुगेको अनुमान लगाइएको छ।

# कानुनभन्दा ...

बजेटको छलफल चलिरहेको अवस्थामा सरकारका दीर्घकालीन प्रतिबद्धताहरू सम्मानित संसद्को साथ र सहयोगबिना पूरा हुन नसक्ने पनि उहाँले बताउनुभयो।

"सार्वभौम संसद्को लामो समय लिन चाहन्न । यति भन्छु, प्रधानमन्त्रीका रूपमा मैले संसद्को पहिलो सम्बोधनमै प्रतिबद्धता जनाएको थिएँ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "म आज सरकारका उपलब्धिहरूको रिपोर्टकार्डकै आधारमा यो सम्मानित संसद्को विश्वासको मत माग्दछु।"

सोह्रौँ आवधिक आयोजनाका लक्ष्य हासिल गर्न संसद् र सरकारले धेरै काम गर्न बाँकी रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सरकारका दीर्घकालीन प्रतिबद्धता सम्मानित संसद्को साथ र सहयोगबिना पूरा हुन नसक्ने बताउनुभयो । "आगामी दशक तीव्र विकासको दशक भनेका छौं। त्यसका लागि बृहत् छलफल र साझा राष्ट्रिय दृष्टिकोण चाहिएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "भारत र बङ्गलादेशसँग विद्युत् व्यापार सम्झौता भइसकेको र चीनसँग पनि निर्यातको सम्भावना बढिरहेका बेला 'गेमचेञ्जर' ठूला विद्युत् आयोजनामा धेरै काम गर्न बाँकी छ।" उहाँले समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक भएका तर अर्थतन्त्रलाई पूर्ण गतिशील बनाउन सरकार र संसद्ले एकीकृत प्रयास आवश्यक रहेको बताउनुभयो । "म आज यो सार्वभौम संसद्सँग केबल विश्वासको मत माग्दिन, देशमा देखिएको निराशा चिर्न सार्थक साथ र सहयोग माग्छु", उहाँले भन्नुभयो, "लोकतन्त्रले जगाएको सामाजिक र राजनीतिक चेतनालाई लोकतन्त्रकैविरूद्ध प्रयोग गर्ने प्रयासविरूद्ध संसद्को हस्तक्षेप माग्दछु।" सङ्घीयताको वास्तविक कार्यान्वयन र शान्ति प्रक्रियाको तार्किक निष्कर्षका लागि पनि आफूले विश्वास पाउनुपर्ने बताउँदै प्रधानमन्त्रीले भन्नुभयो, "नागरिक राज्यसँग ठोकिने सबै बिन्दुमा शासकीय सुधारका लागि म कृतसङ्कल्पित छु।" उद्यमशीलताका माध्यमबाट आर्थिक उन्नति र रोजगारीका लागि नीतिगत गाँठाहरू फुकाउन संसद्को हस्तक्षेप गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले निरपेक्ष गरिबीको रेखामुनि रहेको ठूलो सङ्ख्यालाई सम्मानपूर्ण जीवनसम्म लैजान एकीकृत प्रयास आवश्यक रहेको बताउनुभयो।

व्यावहारिक र नीतिगत सुधारमा सरकारले लिएको अग्रसरताले लगानीकर्तामा एकदमै सकारात्मक प्रभाव परेको उल्लेख गर्दै प्रधानमन्त्रीले कतारका राजा, जापानका विदेशमन्त्रीलगायत उच्चस्तरीय भ्रमणबाट राष्ट्रको प्रतिष्ठा र अन्तर्राष्ट्रिय आयाम फराकिलो भएको बताउनुभयो।

"जलवायु परिवर्तनमा अब नेपालले पर्वतीय देशहरूका तर्फबाट विश्वव्यापी नेतृत्व गर्ने अवस्था बनेको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "पर्यटक आगमनमा कीर्तिमान कायम भएको छ । रासायनिक मलदेखि पाठ्यपुस्तकसम्मको अभावका समाचार अब इतिहास भएका छन्।" उहाँले विश्वासको मतका लागि मन्तव्य दिँदै प्रस्ताव प्रस्तुत गरिरहँदा प्रमुख प्रतिपक्षी दलले वेल घेराउ गर्दै नाराबाजीका साथ विरोध जनाइरहेको थियो।

# वाईवाई यु-१९ क्रिकेट प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ

१९ वर्ष मुनीको वाईवाई कप पुरुष क्रिकेट छनौंट प्रतियोगिता २०८१ मंगलबारदेखि पोखरामा सुरु हुदैछ।

कास्की जिल्ला क्रिकेट संघको आयोजना तथा पोखरा महानगरपालिकाको सहयोगमा हुने कास्की जिल्ला छनौट प्रतियोगितामा चार टोलीले प्रतिस्पर्धा गर्ने प्रादेशिक क्रिकेट संघ गण्डकीका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिए।

पोखरा रंगशाला स्थित क्रिकेट मैदानमा १० जेठसम्म चल्ने प्रतियोगितामा भद्रकालि, विन्ध्यवासिनी, बाराही र अकला गरि चार टोली भिड्ने सिग्देलले जानकारी दिए।


स्वस्थकर मासु खाऔं, जीवन बचाऔं

• मासुबारे:
याद राखौं, ६० प्रतिशतभन्दा बढी मानवरोगहरु पशुपन्छीबाट सर्ने गर्दछ ।
निरोगी पशुपंक्षी मात्रै बध गरौं र चिस्यान सुविधा भएको स्वच्छ र सफा मासु पसलबाट मात्र मासु खरीद गरौं ।
सम्भव भएसम्म बधस्थलमा बध गरिएको पशुपंक्षीको मासु मात्रै उपभोग गरौं ।
बध गरेका पशुपंक्षीको भित्री अंश र फोहोर राम्ररी व्यवस्थापन गरौं । बधशालाको फोहोरलाई सिधै पानीको श्रोतमा नफालौं ।
छालासहित भन्दा छालारहित मासु स्वास्थ्यका लागि उपयुक्त हुन्छ भन्ने कुराको हेक्का राखौं ।

• माछाबारे:
माछामा पाइने ओमेगा थ्री फ्याट्टी एसिडले मानसिक विकासमा सहयोग पुऱ्याउनुका साथै यो एन्टी एजीङका लागि महत्वपूर्ण रसायनको रुपमा प्रयोग गरिन्छ ।
यसमा भिटामिन ए र भिटामिन बी २ प्रचुर मात्रामा पाइन्छ ।
मुटुका बिरामीले समेत दैनिक २ पटकसम्म माछाको उपभोग गर्न सक्दछन् ।
माछा खरीद गर्दा सकेसम्म जीवित माछा नै खरीद गर्दा बेस हुन्छ ।
ताजा माछाको गिल्स उज्यालो रातो हुन्छ भने बासी माछाको हकमा खैरो र सिगान लागेको जस्तो हुन्छ ।
साथै, ताजा माछाको शरीरमा औंलाले थिच्दा गड्दैन भने बासी माछाको हकमा औंला गडेको डाम बस्छ ।

• अण्डाबारे:
सम्पूर्ण पोषक तत्वको एक प्याकेज अण्डाको नियमित सेवन गरौं ।
प्रोटिन, फ्याट, भिटामिन ए, बि, डि तथा फोस्फोरस र सेलेनियमको एउटै भरपर्दो श्रोतका रुपमा अण्डालाई लिइन्छ ।
दिनको दुई वटा अण्डा सेवन गर्दा शरीरलाई दैनिक चाहिने झण्डै आधा प्रोटिनको परिपूर्ति हुन्छ ।
बालवृद्ध, गर्भवती, सुत्केरी जस्ता सबै शारीरिक अस्वस्थताका व्यक्तिका लागि अण्डा सहजै पाच्य प्रोटिनका रुपमा उपलब्ध गराउन सकिन्छ ।
मासुभन्दा सुपथ मूल्यमा उपलब्ध हुने भएकाले दैनिक उपभोग गर्न सकिन्छ ।
भनिन्छ, 'प्रोटिनको प्याकेज अण्डा दैनिक २ वटा खानामा, तागत र स्फूर्ति बढ्छ ज्यानमा ।'

आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश, पोखरा
फोन नं. ०६१-४६७७३२/४६७७३३

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# प्रचण्डलाई चौथो पटक विश्वासको मत

नेपाली कांग्रेस लगायत प्रतिपक्षी दलहरुको अबरोधका बाबजुद प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रतिनिधि सभा बैठकबाट विश्वासको मत प्राप्त गरेका छन। सोमबार बसेको बैठकमा विश्वासको मतको पक्षमा १५७ मत र विपक्षमा शून्य मत परेको छ। प्रधानमन्त्री प्रचण्डले संविधानको धारा १०० (२) बमोजिम विश्वासको मत लिएका हुन। प्रधानमन्त्रीले १६ महिनामा चार पटक विश्वासको मत लिने अवस्था आउनु राजनीतिक अस्थिरता कस्तो छ भन्ने प्रमाण हो।

प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता हो।प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसदमा होहल्ला र विरोध गरे पनि सभामुख देवराज घिमिरेले प्रधानमन्त्रीको विश्वासको मत लिने प्रक्रिया सुरु गरेका थिए। कांग्रेसले गृहमन्त्री रवि लामिछानेको सहकारी विषयमा छानबिन गर्न संसदीय छानबिन समिति गठन गर्न माग गर्दै विरोध गर्दै आएको छ।

सभामुख घिमिरेले प्रधानमन्त्रीलाई बहुमत सदस्यले विश्वासको मत दिएको घोषणा संगै बधाई दिएका थिए। जनता समाजवादी पार्टी नेपाल (जसपा) ले गत वैशाख ३१ गते सरकारबाट बाहिरिएपछि प्रधानमन्त्रीले सोमबार चौथो पटक सदनबाट विश्वासको मत लिनु परेको थियो। सरकारलाई समर्थन गरेको दलले बिचैमा सरकारबाट बाहिरिएमा ३० दिनभित्र विश्वासको मत लिने संवैधानिक व्यवस्था छ।

२०७९ पुस १० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभएका प्रधानमन्त्री प्रचण्डले यसअघि पुस २६ गते, चैत ६ गते र फागुन ३० गते विश्वासको मत लिएका थिए। प्रधानमन्त्री प्रचण्डको पक्षमा नेकपा (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत, नागरिक उन्मुक्ति पार्टी, जसपालगायतले मत दिए। त्यसैगरी विश्वासको मतको विपक्षमा नेपाली कांग्रेस, राप्रपा, जसपा नेपाल, लोसपालगायत दल उभिए। तर उनीहरूले मतदान गरेनन्। कांग्रेसको व्यवहारले दलहरूबीच दुरी बढाएको छापत्रकारहरूले आफ्नो विचार राख्ने अवसर पाउँदा समाजलाई भड्काउन दिनु हुँदैन।

# फिस्टेल एसइई कपको औपचारिक उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ

पोखरा १७ तल्लो बिरौटामा स्थित फिस्टेल एकेडेमी माविद्वारा आयोजित 'फिस्टेल एसइई कप २०८१' को औपचारिक उद्घाटन सोमवार भएको छ। विद्यालयका प्रबन्ध निर्देशक एलिस रानाभाटले रेफ्रीलाई बल हस्तारण गर्दै कार्यक्रमको उद्घाटन गरे।

सोमवार प्रिक्वाटरफानलका ८ खेलहरू सम्पन्न भए। पहिलो खेलमा नेपाल आदर्शले वाक ओभर दिएपछि कालिका मावि स्वतः विजयी भयो। यस्तै दोस्रो खेलमा पोखरा पब्लिकलाई ३-२ को पेनाल्टी सुट आउटमा पराजित गर्दै ढुङ्गेसाँघु मावि क्वाटरफानलमा प्रवेश गरेको छ। तेस्रो खेलमा न्यु लेखनाथ एकेडेमीले शिशुनिकेतनलाई ६-१ ले पराजित गऱ्यो भने चौँथो खेलमा शान्तिनिकुञ्जले बालोदयलाई २-१ गोल अन्तरले पाखा लगायो।

सोमवार नै सम्पन्न पाँचौं खेलमा लिटिल फ्लावरले नेसनल इन्भेन्टिभलाई ८-७ को पेनाल्टी सुट आउटमा बाहिर पठाउँदा भद्रकाली माविले एलपी देवकोटालाई १-० ले पराजित गऱ्यो। यस्तै सातौँ खेलमा रेन्बो एकेडेमीले २-१ गोलको नतिजा निकाल्दै वेलनन एकेडेमीलाई पराजित गऱ्यो भने अन्तिम खेलमा पेनाल्टी सुट आउटको २-१ गोल नतिजामा मदरल्यान्डले फिस्टेल एकेडेमीलाई पराजित गऱ्यो। एसइई २०८० मा सम्मिलित विद्यार्थीहरूलाई समेट्दै आयोजना गरिएको यस खेलको क्वाटरफाइनलका खेल मङ्गलबार सम्पन्न हुने छन् भने सेमिफानल र फाइनलका खेलसँगै बुधबार औपचारिक समापन हुने छ। खेलमा विजेता र उपविजेताले क्रमशः १५ हजार र १० हजार नगद पुरस्कारका साथ मेडल, ट्रफी र प्रमाणपत्र पाउने छन्। यस्तै लिग कम नक आउट प्रणालीमा खेलाइने छात्रातर्फको ३/३ बास्केटबलका खेलहरू पनि मङ्गलबारबाट सुरु हुने छन्। यसका विजेता र उपविजेताले क्रमशः १० हजार र ५ हजार नगद पुरस्कारका साथ मेडल, ट्रफी र प्रमाणपत्र पाउने छन्।

# सहकारी मार्फत महिला व्यावसायिक बन्दै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ७ जेठ

स्याङ्जाको अर्जुनचौपारीमा रहेको ग्रामीण स्वावलम्बन साना किसान कृषि सहकारी संस्था मार्फत महिलाहरु व्यावसायिक बन्दै गएका छन्। सहकारीले पशुपालन र कृषिमा लगानी बृद्धि गरेपछि महिला व्यावसायिक बन्दै गएका हुन्।

सहकारीले पशुपालनमा ८ करोड र कृषिमा ९ करोड सहित समग्रमा २६ करोडको लगानी गरेको छ। सहकारी मार्फत एकसय घरपरिवारले चार हजार बाख्रपालन, ५० घरपरिवारले ५ सय भैसीपालन र १० घरपरिावरले एकसय ५० वटा बंगुर पालन गर्दै आएका छन्। पशुपालन र कृषि पेशा गर्नेमा ९० प्रतिशत महिला आबद्ध छन्। लगानीको कुल हिस्सा मध्ये ९० प्रतिशत पशुपालन र कृषि क्षेत्रमा लगानी गरेको सहकारीका अध्यक्ष बोधनारयण रेग्मीले बताए।

पशुपालन र कृषि तर्फको कुल लगानीमा १० प्रतिशत पुरुष र ९० प्रतिशत महिलाहरु व्यावसायिक बन्दै गएको अध्यक्ष रेग्मीले बताए। महिलाहरु व्यावसायिक बन्दै जाँदा पालिका दुध र मासुमा आत्मनिर्भर बन्दै गएको उनले दाबी गरे। उत्पादित दुध, मासु र तरकारीको स्थानीय बजारमै खपत हुने गरेको छ। ग्रामीण बजारमा खपत हुन नसक्ने वस्तुलाई छिमेकी पालिका पुतलीबजार, भीरकोट, वालिङ र पोखरामा लगेर बिक्री वितरण गरिएको छ। उत्पादनमा जोडिएका व्यावसायिक महिलाहरुको आर्थिक अवस्थामा समेत परिवर्तन आएको महिलाहरुको भनाई छ। महिलाहरुले बाख्रापालनबाट खसिबोकासँगै पाठापाठीको बिक्रीबाट राम्रो आम्दानी लिन सफल भएका छन्। मासुका लागि खसिबोका र नयाँ समूहमा आबद्ध सदस्यलाई पाठापाठी बिक्री गर्दै आएका छन्। भैसीपालनमा आबद्ध महिलाले त दिनमै १५ सयदेखि दुई हजारसम्म आम्दानी लिने गरेका छन्। बंगुर पालनमा आबद्ध महिलाहरु आम्दानीबाट प्रफुल्ल देखिन्छन्। सहकारीले म्यादी बिमा, पशु बिमा, उन्नत जातको बिउबिजन वितरण र पशु स्वास्थ्य कार्यकर्ता मार्फत पशु हेरचाहको सेवा प्रबाह गर्दै आएको छ। सहकारीमा दुईसय ५ समूहमा आबद्ध झण्डै ४५ सय सदस्यलाई सहकारी शिक्षा तथा वित्तिय साक्षरता प्रदन गरेको छ। सदस्यहरुको आर्थिक र सामाजिक स्तरमा बढ्वा दिन सहकारीकै लगानीमा म्यादी बिमा र पशु बिमा गरेको सहकारीका प्रबन्धक शालिग्राम काफ्लेले बताए। "मौसम तथा बेमौसमी तरकारी, फलफुल खेतीका लागि उन्नत जातको बिउबिजन दिने गरेका छौं।" प्रबन्धक काफ्लेले भने, "पशु स्वास्थ्यको हेरचाह र उपचार पद्धतिमा सदस्यको क्षमता अभिबृद्धिमा ध्यान दिएका छौं।"

संस्थाले भण्डै ३ करोडको लगानीमा १८ कोठे तीन तलाको व्यावसायिक भवन समेत बनाएको छ। भवनमा बहुउद्देश्यीय ब्यापारिक प्रयोजन र कार्यालय संचालन गरिएको छ। सहकारीले पालिका ६ वटा वडा मध्ये ५ वटा वडामा प्रत्यक्ष सेवा प्रबाह गर्दै आएको सहकारीले जनाएको छ। महिलाहरु व्यावसायिक बन्दै जाँदा घरपरिवारमा हुने खर्च कटौती र बचतमा टेवा पुग्ने गरेको पुरुष सदस्यहरुको अनुभव छ। घरपरिवार बालबच्चमा हुने खर्चमा मितव्यायी हुने र फजुल खर्च नहुने भएपछि आम्दानीमा समेत बद्दोत्तरी आएको उनीहरुले बताए। पुरुषको तुलनामा महिलाबाट हुने आम्दानी टिकाउ भएको उनीहरुको भोगााई छ।

# बजेट अभावमा खानेपानी आयोजना निर्माण ठप्प

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ जेठ

म्याग्दीको सदरमुकाम बेनी बजारमा खानेपानी आपूर्तिको वैकल्पिक व्यवस्था मिलाउन र गुणस्तर सुधार गर्न सञ्चालित आयोजना निर्माण बजेट अभावमा ठप्प भएको छ।

निर्माण कम्पनीलाई अघिल्लो आर्थिक वर्षदेखिको रु एक करोड ३८ लाख भुक्तानी गर्नुपर्ने योजनाका लागि चालु आवमा रु एक लाखमात्र बजेट प्राप्त भएपछि निर्माण प्रभावित भएको हो। सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना म्याग्दीले बेनी खानेपानी आयोजनाको क्षमता विस्तार कार्यक्रमअन्तर्गत विसं २०७८ असोजमा काठमाडौँको एएम प्याराडाइजसँग रु दुई करोड ४६ लाखमा ठेक्का सम्झौता गरेको थियो। निर्माण कम्पनीका इञ्जिनियर अजय तिमिल्सिनाले यसअघि गरेको कामको भुक्तानी नपाएको भन्दै थप बजेट प्राप्त हुने सुनिश्चित नभएपछि गत फागुनदेखि निर्माण रोकिएको बताउनुभयो। "९० प्रतिशत भौतिक प्रगति भएको आयोजनामा गत वर्ष काम गरेको रु ५६ लाख भुक्तानी पाउन बाँकी छ", उहाँले भन्नुभयो, "समयमा भुक्तानी नपाएको र खरिद ऐन संशोधनसँगै ठेक्काको म्याद थप हुने भएपछि काम रोकिएको हो।" उहाँका अनुसार १८ महिनाको ठेक्का अवधि बढेर तीन वर्ष पुग्न लागेको छ। आयोजनामार्फत खडेरी, मुहान सुक्दा, पाइप फुटेको, पहिरोका कारण बेनीमा खानेपानी आपूर्ति बन्द भई हाहाकार हुने समस्या हटाउन विकल्पकारुपमा म्याग्दी नदीको पानी तानेर वितरण गर्ने व्यवस्था मिलाउन पानी शुद्धीकरण गर्ने संरचना तयार पारिएको बेनी खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष रमेश गिरीले बताउनुभयो। उहाँका अनुसार बराहपाखोमा तीन लाख ४० हजार लिटर क्षमताको रिजर्भ ट्याङ्की निर्माण भइसकेको छ। साथै ५.९४ घनलिटर क्षमताको दुई वटा पानी शुद्धीकरण गर्ने गर्ने फिल्टर पलान्ट निर्माण सकिएको छ। नयाँ प्रविधिको 'सेडिमेशन' र सो 'साण्डफिल्टर' ट्याङ्कीमा प्रयोगमा ल्याउन नसक्दा पानी शुद्धीकरण गर्न अतिरिक्त खर्च बढेको अध्यक्ष गिरीले बताउनुभयो। "बजेट अभावमा पानी शुद्धीकरण गर्ने ट्याङ्कीमा राख्ने सामग्री ल्याउन नसक्दा नयाँ संरचनाको प्रयोग हुन सकेको छैन", उहाँले भन्नुभयो, "पुरानो ट्याङ्कीमा पानी शुद्धीकरण गर्ने संरचना मर्मत गर्दा धेरै खर्च बढिरहेको छ।"

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ मा पिप्ले सार्वजनिक शौचालय निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः पिप्ले सार्वजनिक शौचालय निर्माण
ठेगानाः पोखरा-२१
योजना शुरु हुने मितिः २०८०/११/१० गते
योजना सम्पन्न हुने मितिः २०८१/०१/१५ गते
योजना सम्पन्न भएको मितिः २०८१/०१/१८ गते
योजनाको कुल लागतः रु. ६,६६,६७९/६१
महानगरपालिकाबाटः रु. ६,००,०००/-
जनश्रमदानः रु.६६,६७९/६१
अध्यक्षः ऋषिराम लामिछाने सम्पर्क नं.: ९७६५६२५९४५
निर्माण समिति सदस्य संख्याः ९
महिलाः ४, पुरुषः ५

**पिप्ले सार्वजनिक शौचालय निर्माण उपभोक्ता समिति**
**पोखरा-२१**

## कर्जा चुक्ता गर्न आउनेबारे १५ दिने अत्यन्त जरूरी सुचना

**(प्रकाशित मिति २०८१/०२/०८)**

तपशिलमा उल्लेखित ऋणीले यस संस्थाबाट हायर पर्चेज कर्जा लिँदा बखत सहकारीसँग भए गरेका शर्त तथा कबुलियत लिखित बमोजिम लानुभएको कर्जाको तिर्नुपर्ने सावाँ, व्याज सहितको रकम संस्थालाई म्याद भित्र नबुझाई नतिरी सहकारी संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लङ्घन गरी पटक पटक मौखिक म्याद भित्र चुक्ता नगरेको र संस्थावाट लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ तत्परता नदेखाएको हुनाले यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण सावाँ, व्याज तथा अन्य दैदस्तुर समेत बुझाउन ल्याउन सम्बन्धित ऋणी र धितो जमानी दिने व्यक्ति तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सूचित गरिएको छ। अन्यथा ऋणी र सहकारी बिच भए गरेका सर्त सम्झौता सहकारीको नियम सम्बन्धी ऐन, २०७४ तथा अन्य प्रचलित कानुनले सहकारीलाई दिएको कानुन प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको लि.को कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई ऋणीको धितो जमानी स्वरुप संस्थालाई लेखि दिएको चलअचल सम्पत्ती जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असूलउपर गरिलिने तर्फ आवश्यक कारबाही प्रक्रिया अघि बढाईने व्यहोरा समेत पूर्व जानकारीका लागि सूचित गरिन्छ। साथै धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी सहकारीले धितो सकारेमा वा लिलाम बिक्रीबाट सहकारीको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गरिन्छ।

**तपशिल :**

| क्र.सं | ऋणीको नाम, ठेगाना | धितोमा रहेको सवारी साधनको विवरण |
|---|---|---|
| १. | **श्री प्रभा कार्की**<br>(ना.प्र.प.नं. : ४६-०१-७१-०६७०८., जारी मिति २०७१/०७/१०, कास्की<br>ठेगाना : पोखरा-१० , कास्की<br>हालको ठेगाना : पोखरा -१०, बुद्धचोक कास्की<br>बाबुको नाम : अर्जुन बहादुर कुँवर<br>बाजेको नाम : प्रेम बहादुर कुँवर<br>पतिको नाम : महेन्द्र कार्की | १. दर्ता नं. ग ३ च ७१७७ रहेको रेनोल्ट कार<br> |
| २. | **श्री विकास अधिकारी**<br>(ना.प्र.प.नं. : ४२-०१-७२-०२७७३, जारी मिति २०७२/०८/२०, स्याङ्जा<br>ठेगाना : किचनास -०९ , स्याङ्जा<br>हालको ठेगाना : पोखरा -०१, बगर कास्की<br>बाबुको नाम : घनश्याम अधिकारी<br>बाजको नाम : केशवराज अधिकारी | १. दर्ता नं. ग २२ प ४९७५ रहेको रोयल ईन्फिल्ड ३५० सिसी<br> |

**नोट** : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।

**युनाइटेड नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
UNITED NEPAL MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.
पोखरा-१०,रक्षामार्ग, फोनः ०६१-५७१०१०, ५८९९६४
E-mail: unitednepal.mcos@gmail.com


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


## एउटै व्यक्ति भएको सूचना

लमजुङ जिल्ला साविक सुन्दरबजार गाविस-४ हाल सुन्दरबजार नगरपालिका वडा नम्बर ७ निवासी भारतीय सेनाका भूपू सैनिक Nk- १४९०६१९५ का प्रेम बहादुर अधिकारी ३/mech inf को श्रीमतीको नामथर पेन्सन अभिलेखमा चय कुमारी, डिस्चार्ज सर्टिफिकेटमा चिज़ाकुमारी र निजले प्राप्त गरेको नेपाली नागरिकतामा चिजामाया अधिकारी भई फरक परेता पनि तिनवटै नामथर गरेको व्यक्ति अलग अलग नभई एउटै व्यक्तिभएको सार्वजनिक जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।



# मकैमा फौजी कीरा र फलफूलमा औँसाको सङ्क्रमण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ जेठ

लामो समयको खडेरीपछि परेको लगातारको वर्षाका कारण म्याग्दीमा लगाइएको मकैखेती र फलफूलमा रोग तथा कीराको सङ्क्रमण देखिएको छ।

खडेरीका कारण यस वर्ष गहुँ उत्पादनमा कमी आएपछि चिन्तित बनेका किसान मकै छर्ने समयमा पानी नपरेपछि उत्पादन हुने सबै ठाउँमा खेती गर्न सकेका छैनन् । खडेरीमा छरिएको मकै पानी परेपछि निकै ढिलोगरी उम्रेका र ती बिरुवामा पनि डडुवा र फौजी कीराको सङ्क्रमण देखिन थालेपछि किसान चिन्तित बनेका हुन् । मालिका-६ का किसान वीरबहादुर विश्वकर्माले मकैबालीका साथै फलफूल, तरकारी र कोसेबालीमा समेत औँसा र फौजी कीराको सङ्क्रमण देखिन थालेको बताउनुभयो । जिल्लाको मालिका, मङ्गला, रघुगङ्गा, धवलागिरि र अन्नपूर्ण गाउँपालिकालगायत बेनी नगरपालिकाका विभिन्न ठाउँमा गरिएको मकैखेतीमा रोगको सङ्क्रमण देखिएको स्थानीय तहका कृषि प्राविधिकले बताएका छन्।

यहाँका किसानले लगाएको फलफूलमा औँसा, केरामा खपटे, गवारो र मकैबालीमा फौजी कीराको सङ्क्रमण प्रकोप देखिएको मालिका-१ निस्कोटका कृषक तीर्थबहादुर पुनले बताउनुभयो । उहाँका अनुसार सुन्तला र केराखेतीमा पनि सङ्क्रमण देखिन थालेको छ। फूल फुलेर बतिला लाग्न थालेका सुन्तला, बारीभरि फलेका काँक्रा, घिरौँला, गोलभेँडालगायत तरकारी तथा फलफूलमा औँसा, घोगा लाग्न थालेका मकैमा फौँजी र केरा खेतीमा खपटे कीराको सङ्क्रमण देखिएपछि किसान चिन्तित बनेका मङ्गाला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो । प्रायःफल पाकेर टिप्ने बेलामा देखिने औँसा कीराको सङ्क्रमण बतिलामै देखिएपछि किसान उत्पादन घट्नेमा चिन्तित छन् । किसानले लगाएका काँक्रा र पाक्न लागेका आरु, आरुपखडामा पनि औँसा कीराको सङ्क्रमण भेटिएको उहाँको भनाइ छ । मकैबालीमा अमेरिकन फौजी कीरा र गोलभेँडामा सेतो ढुसीको समस्या देखिएको म्याग्दीका अगुवा कृषक चन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो । कीराको सङ्क्रमणलाई थप फैलिन नदिन किसानलाई सचेत गराइएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ। केन्द्रकाअनुसार कृषि प्राविधिकले सिफारिस गरेका मकैको जातका आधारमा सोहीअनुसारको उपचार विधि र विषादी किसानलाई उपलब्ध गराइएको छ । गोलभेँडामा लागेको डढुवाको समस्याले व्यावसायिक किसान मर्कामा परेका मङ्गला-५ का किसान विक्रम सेनले बताउनुभयो । उहाँका अनुसार जिल्लाका अधिकांश स्थानमा लगाइएका मकै, फलफूल तथा तरकारीखेतीमा विभिन्न सङ्क्रमणले क्षति पुऱ्याएको छ। निस्कोट, रणबाङ, ज्यामरुककोट, बाबियाचौर, अर्मन, रत्नेचौर, रुम, देविस्थानलगायत क्षेत्रका किसानले लगाएको मकैबालीमा फौजी कीराको सङ्क्रमण अत्यधिक देखिएको केन्द्रको भनाइ छ । घोगा हाल्न लागेका मकैका बोटमा फौजी कीराको आक्रमण बढी भएकाले बोट नै सकिन थालेको मङ्गला-२ का प्रताप सापकोटाले बताउनुभयो । उहाँका अनुसार विषादीलेसमेत कीराको आक्रमण रोकिन सकेको छैन। बगरफाँट, खबरा, भकिम्ली, बाबियाचौरका किसानले लगाएका सयौँ रोपनी जमिनको मकै बालीमा फौजी कीराको सङ्क्रमण देखिएको भन्दै कतिपय ठाउँमा विषादीलेसमेत समस्या समाधान नभएको कृषि प्राविधिक बानियाँले जानकारी दिनुभयो।

# एमाले मुस्ताङको अध्यक्षमा दीपक लालचन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले) मुस्ताङको अध्यक्षमा दीपक लालचन चयन हुनुभएको छ । जोमसोममा गए राति सम्पन्न आठौँ जिल्ला अधिवेशनबाट घरपफोङ गाउँपालिका-२ मार्फाका लालचनको अध्यक्षतामा ३१ सदस्यीय समिति सर्वसम्मत चयन भएको जनाइएको छ। समितिको उपाध्यक्षमा छेवाङ रिनजिङ गुरुङ, सचिवमा तिलक विक र उपसचिवमा सम्राट गौचन निर्वाचित हुनुभएको सो पार्टीका गण्डकी प्रदेश समितिका अध्यक्ष नवराज शर्माले जानकारी दिनुभयो।

सुनदेवी रसाइलीको संयोजकत्वमा लेखा समिति चयन गरिएको छ। अधिवेशनको एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङले उद्घाटन गर्नुभएको थियो । अधिवेशन उद्घाटनका क्रममा उपमहासचिव गुरुङ, केन्द्रीय सचिव तथा गण्डकी प्रदेश इन्चार्ज गोकर्ण विष्ट र प्रदेश अध्यक्ष शर्माले नेपाललाई समृद्धिको मार्गमा लैजान बामपन्थी शक्तिहरूको सहकार्य आवश्यक भएको बताउनुभएको थियो।

# आगलागीसँगै जले व्यवसायीका सपना

**पोखरापत्र संवाददाता**
दमौली, ७ जेठ

तनहुँको व्यास नगरपालिका-१ भादगाउँ निवासी बादल आले मगर मस्त निन्द्रामा हुनुहुन्थ्यो। आज बिहान १:२० बजे मोबाइल बज्यो, मध्यरातमा फोन आएपछि केही भयो कि भनेर उठाउँदै गर्दा दमौलीका मोहम्मद अजिजले भन्नुभयो, "दाइ पसलमा आगलागी भयो। चाँडै आउनुपऱ्यो।"

व्यासनगरपालिका-३ मुख्यचोकमा रहेको पसलमा पुग्दा दनदनी जलिरहेको थियो। त्यो दृश्य हेर्नुबाहेक अर्को उपाय रहेन। उहाँले आँखै अगाडि पसलका सबै सामान जलेर खरानी भएका हेर्नुपऱ्यो । सोमबार बिहान १२:४० देखि सुरु भएको आगलागीले जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको सो पसलसँगै २० भन्दा बढी पसल जले । त्यहाँ आइसक्रिम, मोबाइल, फलफूललगायतका पसल रहेका थिए। कोरोना र आर्थिक सङ्कटपछि बल्ल तङ्ग्रिँदै गरेको व्यवसाय आगोले खरानी भएपछि आलेको वर्षौंदेखिको लगानीसमेत जलेको छ । उहाँले भन्नुभयो, "कोरोना कहर र आर्थिक सङ्कटले व्यवसायी मारमा थियौँ, त्यसबाट उठ्न खोजिरहेका बेला फेरि प्रकृतिले ठग्यो। पसलमा रहेका करिब रु एक करोडका र अन्य सामग्री जलेर सबै खरानी भए । बाँकी केही रहेन।" व्यवसाय गरेरै घरपरिवार चलाउँदै आएको बताउँदै आलेले उचित क्षतिपूर्तिका लागि सम्बन्धित निकायसँग आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "व्यवसाय नै मुख्य पेसा हो। यही पेसाबाट घरपरिवार चलेको थियो । त्यही खरानी भएपछि अब के गरेर खानु !" सोही ठाउँमा पसल सञ्चालन गर्दै आउनुभएका कपिल पौडेलले आगलागीबाट सबै सामग्री जलेर नष्ट भएको बताउनुभयो। उहाँले भन्नुभयो, "कसरी आगलागी भयो, केही थाहा पाउन सकिएन । सामान झिक्ने समय नै भएन ।" जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक दीपककुमार रायले विद्युत् चुहिएर आगलागी भएको र क्षतिको विवरण सङ्कलन भइरहेको जानकारी दिनुभयो। यसैबीच राष्ट्रिय स्वतन्त्र पार्टी तनहुँले आगलागीका पीडितलाई उचित क्षतिपूर्तिका लागि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएको छ। जिल्ला संयोजक विश्व बास्तोलाले आज प्रेस विज्ञप्ती जारी गरी पीडितलाई उचित राहतका लागि आग्रह गर्नुभयो। तनहुँ उद्योग वाणिज्य सङ्घ अध्यक्ष वैकुण्ठनाथ मिश्र र र तनहुँ उद्योग वाणिज्य सङ्घ बजार इकाइ सभापति सुकनारायण मल्लले विज्ञप्ति जारी गरी आगलागीबाट नष्ट भएका संरचना पुनर्निर्माण गरी व्यवसाय सञ्चालनमा सहयोग गर्न आग्रह गरेको छ।


# ऋण चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति २०८१/०२/०८)**

यस जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखराका तपाईं तपशिलको ऋणी सदस्यले यस संस्थाबाट विभिन्न प्रयोजनको लागि ऋण सुविधा लिएर संस्थासँग गर्नु भएको सम्झौता एवम् तमसुकको शर्त बमोजिमको तोकिएको समयावधिभित्र ऋणको साँवा व्याज नबुझाई ऋण सम्झौताका शर्तहरु उल्लङ्घन गर्नु भएको तथा पटकपटक लिखितम तथा मौखिक तरताकेता गर्दा समेत ऋण चुक्ता गर्न तर्फ कुनै चासो नदेखाएकोले ३५ दिने अत्यन्तै जरुरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र उक्त ऋणको साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम चुक्ता भुक्तान गर्नुहुन अनुरोध छ। उल्लेखित मिति भित्रमा संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण ऋण, व्याज, हर्जाना तथा अन्य लेना रकम समेत चुक्ता नभएमा यस संस्थालाई ऋण सुरक्षण वापत लेखिदिनु भएको तपशिलको चल/अचल सम्पत्ति प्रचलित ऐन कानुन तथा विद्यमान सहकारी ऐन नियमावली तथा संस्थाको बिनियिम एवं नीति नियमावली बमोजिम धितो लिलाम बिक्री गरी सोबाट आफ्नो सम्पूर्ण लेना रकम असुल उपर नभएमा यहाँको अन्य चल/अचल सम्पत्ति तथा यहाँको परिवार एवं ऋण जमानतकर्ताको चल/अचल श्रीसम्पत्तिबाट समेत संस्थाले आफ्नो लेना रकम असुल उपर गर्ने गराउने व्यहोरा जानकारी समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

## तपसील

| क्र.स. | ऋणी सदस्यहरुको नामथर | धनजमानतकर्ताहरुको नामथर | धितो विवरण |
|---|---|---|---|
| १ | नाम : सिर्जना परियार<br>नाप्र.प.न. :४६/३/००२/११२४<br>बुवाः लुरी दर्जी<br>पति/पत्नी : संजय साह<br>ससुरा/बाजे : जोगेन्द्र साह<br>ठेगानाः पोखरा -२६ कास्की<br>हाल ठेगानाः पोखरा -५, कास्की | धनजमानतकर्ताको नाम : संजय साह<br>ना प्र. प.न.: ०५३०५०/७२९<br>बुवा : जोगेन्द साह<br>पति/पत्नी : सिर्जना परियार<br>ससुरा/बाजे : लक्ष्मी प्रसाद साह<br>ठेगानाः रगेली -४ मोरङ<br>हाल ठेगानाः पोखरा -५, कास्की<br>---<br>धनजमानत कर्ताको नाम : प्रेम बहादुर विक<br>ना प्र. प.न. :४६१०४४/६२६<br>बुवा : बुद्धि बहादुर विक<br>ससुरा/बाजे : काला बहादुर विक<br>ठेगानाः दाङसिङ -८, कास्की | ठेगाना :<br>तनहु क्यामिन<br>छापथोक -७ क<br>कित्ता<br>नं ४४८ क्षेत्रफल<br>३-०-०-० |
| २ | नाम : टंकराज बराल<br>ना प्र. प.न. : १२०५८२ कास्की<br>बुवाः योगनाथ बराल<br>पति/पत्नी : राधिका बराल<br>ससुरा/बाजे : त्रिलोचन बराल<br>ठेगानाः मादी गा.पा -६, कास्की<br>हाल ठेगानाः पोखरा -१४, कास्की | धनजमानतकर्ताको नाम : राधिका बराल<br>ना प्र. प.न. : ४६१०१५/१८९ कास्की<br>बुवा : चुडामणी पौडेल<br>पति/पत्नी : टंकराज बराल<br>ससुरा/बाजे : योगनाथ बराल<br>ठेगानाः मादी गा.पा -६, कास्की<br>हाल ठेगानाः पोखरा -१४, कास्की<br>---<br>धनजमानतकर्ताको नाम : तेज प्रसाद आचार्य<br>ना प्र. प.न.: ५६९३९ कास्की<br>बुवा : बलभद्र आचार्य<br>ससुरा/बाजे : नहकुल आचार्य<br>ठेगानाः पोखरा -१६, कास्की | ठेगाना : तप्राङ्ग -१<br>कास्की<br>कित्ता नं : ३६५,<br>११९,३७१, ६७, ५६,<br>१६६<br>क्षेत्रफल : १-०-०-०,<br>४-६-०-०, २-४-०-<br>०, ७-१२-०-१,<br>५-०-०-१,<br>९-५-१-० |
| ३ | नाम : सुनिता थापा खड्का<br>ना प्र. प.न. : ११८०३१<br>बुवा : तिर्थ बहादुर थापा<br>पति/पत्नी : विष्णु वावु खड्का<br>ससुरा/बाजे : पदम बहादुर खड्का<br>ठेगानाः पोखरा-८, जाल्पारोड कास्की | धनजमानतकर्ताको नाम : विष्णु वावु खड्का<br>ना प्र. प.न. : ५१११९६<br>बुवा : पदम बहादुर खड्का<br>पति/पत्नी : सुनिता थापा खड्का<br>ससुरा/बाजे : देबराज खड्का<br>ठेगानाः पोखरा -८, जाल्पारोड, कास्की<br>---<br>धनजमानतकर्ताको नाम : सुमन थापा<br>ना प्र.प.न. :१५०२८१<br>बुवा : तिर्थ बहादुर थापा<br>ससुरा/बाजे :चिन बहादुर थापा<br>ठेगानाः पोखरा-१८, कास्की | ठेगाना : शिशुवा ५<br>कास्की<br>कित्ता नंः ४८९९,<br>५८१९<br>क्षेत्रफल :०-१०-२-<br>१, १-३-२-१ |
| ४ | नाम :किरण कुमार आत्रेय<br>ना प्र. प.न. :६७७<br>बुवाः हर्क बहादुर घर्ति<br>पति/पत्नी : तारा कुमार आत्रेय<br>ससुरा/बाजे : कुम्भसिहं घर्ति<br>ठेगाना : माछापुच्छ्रे -२, सार्दीखोला कास्की | धनजमानतकर्ताको नाम : तारा कुमारी आत्रेय<br>ना प्र. प.न. :४६३०१८<br>बुवा : नर बहादुर घर्ति<br>पति/पत्नी : किरण कुमार आत्रेय<br>ससुरा/बाजे : हर्क बहादुर घर्ति<br>ठेगाना : माछापुच्छ्रे -२, सार्दीखोला, कास्की<br>---<br>धनजमानतकर्ताको नाम : सन्तोष कुमार आत्रेय<br>ना प्र. प.न. :२१६५९<br>बुवा : हर्क बहादुर घर्ति<br>ससुरा/बाजे : कुम्भसिहं घर्ति<br>ठेगाना : माछापुच्छ्रे -२, सार्दीखोला कास्की | ठेगाना : माछापुच्छ्रे<br>-२, कास्की<br>कित्ता नं : ८७९ र<br>८८०<br>क्षेत्रफल : १-११-२-<br>० र १-१४-०-१<br>जग्गा धनि : फल<br>बहादुर घर्ति<br>ना प्र. प.न. :३४८ |
| ५ | ऋणीको नाम : खिमलाल बराल<br>ना प्र. प.नं.: १४४२२४ कास्की<br>बुवाः नन्दलाल बराल<br>पति/पत्नी : बिष्णुमाया पौडेल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगानाः हाल पो.म.न.पा -१७ छोरेपाटन | धनजमानत कर्ताको नाम : बिष्णुमाया पौडेल बराल<br>ना प्र. प.नं.: ५३८९६ कास्की<br>बुवा : मेघनाथ पौडेल<br>पति/पत्नी : खिमलाल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगानाः हाल पो.म.न.पा-१७ छोरेपाटन<br>---<br>धनजमानत कर्ताको नामः सन्देश बराल<br>ना प्र.प.नं.: ४६०१७४/००७९३ कास्की<br>बुवा : खिमलाल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगानाः हाल पो.म.न.पा-१७ छोरेपाटन | ठेगाना :<br>जामुने- ८ तनहुँ<br>कित्ता नं.: ३९ र ४४<br>क्षेत्रफलः३-१४-०<br>-०,<br>१-१४-३-० |
| ६ | ऋणीको नाम : शिब बहादुर पोखेल<br>ना प्र. प.नं.: ४९४७३ कास्की<br>बुवा : उदय बहादुर पोखेल<br>पति/पत्नी : पार्बती पोखेल<br>ससुरा/बाजे : दण्डपाणी पोखेल<br>ठेगानाः हाल पो.म.न.पा-१७ बिरौटा | ऋणीको नाम : पार्बती पोखेल<br>ना प्र. प.न.: ५७२४४ कास्की<br>बुवा : चन्द्र बहादुर खत्री<br>पति/पत्नी : शिब बहादुर पोखेल<br>ससुरा/बाजे : उदय बहादुर पोखेल<br>ठेगानाः हाल पो.म.न.पा-१७ बिरौटा | ठेगाना : कृस्ती<br>नाच्नेचौर-३, कास्की<br>कित्ता नं.: २८४२,<br>११२८, २८३९<br>क्षेत्रफलः २-११-<br>२-०, १-९-३-१,<br>१-०-१-० |
| ७ | ऋणीको नाम : मसिना कुमारी गुरुङ<br>ना प्र. प.नं.: १३६३१४ कस्की<br>पति/पत्नी : जुम प्रसाद गुरुङ<br>ससुरा/बाजे : टेक बहादुर गुरुङ<br>ठेगानाः हाल पो.म.न.पा-१७ महतगौडा | धनजमानत कर्ताको नाम : जुम प्रसाद गुरुङ<br>ना प्र.प.नं.: ५२८ कास्की<br>बुवा : टेक बहादुर गुरुङ<br>ससुरा/बाजे : मन बहादुर गुरुङ<br>ठेगाना : हाल पो.म.न.पा-१७ महतगौडा | ठेगाना : पोखरा १७,<br>महतगौडा, कास्की<br>कित्ता नं. : ६८<br>क्षेत्रफल : १४३.१०<br>वर्ग मिटर |
| ८ | ऋणीको नाम : सन्देश बराल<br>ना प्र. प.नं.: ४६-०१-७४-००७९३ कस्की<br>बुवाः खिमलाल बराल<br>ससुरा/बाजे : नन्दलाल बराल<br>ठेगानाः पोखरा -१७ कास्की | धनजमानत कर्ताको नाम : खिमलाल बराल<br>ना प्र. प.नं.: १४४२२ कस्की<br>बुवा : नन्दलाल बराल<br>पति/पत्नी : विण्णु माया पौडेल बराल<br>ससुरा/बाजे : दुगा दत्त बराल<br>ठेगानाः पोखरा -१७ कास्की | ठेगाना : कर्लुङ-५,<br>तनहुँ<br>कित्ता नं ९७<br>क्षेत्रफल २-८-०-० |
| ९ | ऋणीको नाम : सविन कुमार बराल<br>ना प्र. .नं. : ४६-०१-७४-००७८४ कास्की<br>बुवाः खिमलाल बराल<br>ससुरा/बाजे : नन्दलाल बराल<br>ठेगानाः पोखरा-१७ कास्की | धनजमानत कर्ताको नाम : खिमलाल बराल<br>ना प्र. प.नं.:१४४२२४ कास्की<br>बुवा : नन्दलाल बराल<br>पति/पत्नी : विण्णु माया पौडेल बराल<br>ससुरा/बाजे : दुर्गादत्त बराल<br>ठेगानाः पोखरा -१७ कास्की | ठेगानाः मनपाङ-१,<br>तनहुँ कित्ता नं २७३,<br>१३६, १३४<br>क्षेत्रफल ३-८-०-०,<br>४-८-३-३, १-<br>९-३-० |

**पुनश्चः** संस्थामा नियमित जम्मा गर्नुपर्ने मासिक बचत जम्मा गर्नहुन एवं समयमा नै kym अद्धावधिक गर्नहुन अनुरोध छ। संस्थाबाट विभिन्न शिर्षकमा ऋण लिइ नियमित रूपमा साँवा व्याज किस्ता नितर्नु भएका अन्य ऋणी सदस्यहरूलाइ कारोबार नियमित गर्न गराउन यसै साथ सुचित गरिन्छ। अन्यथा सहकारी ऐन नियमावली तथा बिनियमले दिएको अधिकार प्रयोग गरी कानून बमोजिम असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ।

**जयलक्ष्मी** बचत तथा ऋण सहकारी संस्था लिमिटेड
SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.
प्रधान कार्यालय : पोखरा-११, रानीपौवा, फोन : ०६१-५७५३८२, ५९०३८१
लामाचौर सेवा केन्द्रः पोखरा-१९ लामाचौर फोनः ०६१-४४५२६६, ५९०३८०
सार्दीखोला सेवा केन्द्रः माछापुच्छ्रे-२ सार्दीखोला फोनः ०६१-४२२०८०